स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कुनै समय नेपाली फिल्म क्षेत्रमा अभिनेत्री रेखा थापाको ठूलो जगजगी थियो । तिहारमा देउसेले 'ढुंगा छुँदा सुनै हओस्' भनेर दिने आशिषजस्तै उनले जुन फिल्म छोए पनि 'सुपरहिट' हुने गर्दथे । पोस्टरमा उनको अनुहार राखेको भरमा मात्रै पनि फिल्म चल्ने युग थियो । रोमान्टिक होस् वा एक्सन, हरेक भूमिकामा उनी जमेकी थिइन् । यसैले त रेखालाई 'नायक'को रुपमा परिभाषित गरिन्छ । 'ग्ल्यामर अभिनेत्री'को छवि बनाएकी उनी आफ्नो नयाँ फिल्म 'उपहार'मा भने 'सषट' देखिएकी छन् ।

**आजको विचार...**



विद्या भट्टराई

नेपालको...
(दुई पेजमा)

जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पमा परी १२८ जनाको मृत्यु भएको छ भने सयौं घाइते भएका छन् । अभिनेता तथा मोडल पल शाहले आर्थिक सहयोगको घोषणा गरेका छन् । उनले आफू संलग्न हाम्रो टिम नेपालको मार्फत् ५० हजार सहयोग गरेको जानकारी फेसबुकमार्फत् गराएका छन् । भूकम्पले धेरै घरहरु भत्किएकाले नागरिकहरु खुला आकाशमुनि बस्न र खानपिनको व्यवस्थापन नभएको र घाइतेहरूलाई छिटो उद्धार गर्न उनले सम्बन्धित निकायलाई आग्रह समेत गरेका छन् ।



❒ वर्ष २९ ❒ अंक १०३ ❒ २०८० कार्तिक १९ गते आइतबार 5 November 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# जाजरकोटमा ६.४ म्याग्निच्युडको भूकम्प : १५७ को मृत्यु, १९७ घाइते

**हाम्रा संवददाता**

**पाल्पा,** कार्तिक १८/पश्चिम नेपालको जाजरकोटकेन्द्र बिन्दु भएर ६.४ म्याग्निच्युडका भूकम्प गएको छ । शुक्रबार राति ११ बजेर ४७ मिनेट जाँदा भूकम्प गएको भूकम्प मापन केन्द्रले जनाएको छ ।

भूकम्पको धक्का पाल्पासम्म महसुस भएको थियो भने भारतीय सञ्चारमाध्यमका अनुसार दिल्लीसम्मै यसकोधक्का महसुस गराएको थियो । मध्यराति गएको भूकम्पमा परी जाजरकोट र रुकुममा गरेर अहिलेसम्म १५७ जनाको ज्यान गएको नेपाल प्रहरीले जनाएको छ । प्रहरीका अनुसार १ सय ९७ जना घाइते भएका छन् ।



प्रहरीका अनुसार शनिबार साँझा अवेरसम्मको विवरणमा जाजरकोटमा मात्रै मृतकको संख्या १०५ पुगेको छ भने रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको छ ।

यसैगरी भूकम्पबाट जाजरकोटमा एक सय ५, रुकुम पश्चिममा ८५, दैलेखर बैतडीमा तीन/तीन तथा रोल्पामा एक जना घाइते भएका छन् । घाइतेहरूको काठमाडौं, बाँके, सुर्खेत लगायतका जिल्लामा रहेका अस्पतालमा उपचार भइरहेको छ । तीनवटै सुरक्षा निकायको सक्रियतामा घाइतेहरूको उद्धारलगायतका काम भइरहेको बताइएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' शनिबार बिहानै प्रभावित क्षेत्रमा पुगेर उद्धारको पहलमा जुटेका थिए । उनी चिकित्सक टोली र राहत सामग्रीसहित प्रभावितक्षेत्रमा पुगेका हुन् । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल भूकम्प प्रभावितको उद्धार तथा राहतमा जुटेको छ । प्रभावित क्षेत्रमा यसका लागि एक हजार पाँचसयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ ।

यसैबीच भूकम्प प्रभावित क्षेत्रमा नेपालीसेनाले उद्धार तथा राहतका लागि पाँचवटा हेलिकप्टर तथा जहाजको प्रयोग गरेको छ । शुक्रबार राति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्र विन्दु भइ ६ दशमलव ४ रेक्टर स्केलको भुकम्प गएको थियो । भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा ठूलो धनजनको क्षति भएको छ ।

## संक्षिप्त समाचार

### भारतमा आगलागी हुँदा सातको मृत्यु

**(रासस/सिन्हुवा)**

**नयाँदिल्ली**, कात्तिक १८/भारतको पश्चिमी राज्य महाराष्ट्रको एक औषधि कारखानामा भएको भीषण आगलागीमा परी कम्तीमा सात जनाको मृत्यु भएको छ । अन्य सात जना घाइते भएका अधिकारीहरूले शनिबार जानकारी दिएका छन् ।

आगलागीमा परी कैयौं व्यक्ति हराइरहेको बताइएको छ । महाराष्ट्रको राजधानी मुम्बईबाट करिब १७७ किलोमिटर दक्षिणमा पर्ने रायगढ जिल्लामा रहेको महाराष्ट्र औद्योगिक विकास निगम (एमआईडीसी) महाडमा रहेको ब्लु जेट हेल्थकेयर कारखानामा शुक्रबार विस्फोट भएपछि आगलागी भएको थियो । यस घटनापछि अधिकारीहरूले अग्नि नियन्त्रक विभागका अधिकारीहरू र राष्ट्रिय प्रकोप प्रतिक्रिया बल (एनडीआरएफ) का कर्मचारीहरूलाई उद्धार कार्यका लागि घटनास्थलमा पठाएका थिए ।

## भूकम्प प्रभावितका लागि सरकारको सहयोग

**पाल्पा,** कार्तिक १८/संघीय र प्रदेश सरकारले भूकम्पबाट बढी प्रभावित जाजरकोट र रुकुम पश्चिमका भूकम्प प्रभावितहरुका लागि सहयोग गर्ने भएका छन् । भूकम्प प्रभावितको उद्धार, राहत र पुनर्स्थापनाका लागि उनीहरुले सहयोग गर्ने भएका हुन् ।

संघीय सरकारले भूकम्पबाट बढी प्रभावित जाजरकोट र रुकुम पश्चिम जिल्लालाई केन्द्रीय राहत व्यवस्थापन कोषबाट तत्काल पाँच/पाँच करोड पठाउने निर्णय गरेको छ । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा शनिबार बसेको सरोकारवालाको बैठकले तत्कालका लागि १० करोड आर्थिक सहायता पठाउने निर्णय गरेको हो । सरकारले राहत वितरणलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने निर्णय समेत गरेको छ । कम्बल, पाल, खाद्यान्न पठाउने काम भइसकेको र अपुग भएको अवस्थामा तुरुन्तै खबर गर्न प्रादेशिक सरकार र जिल्ला व्यवस्थापन समितिलाई उपप्रधानमन्त्री श्रेष्ठले निर्देशन समेत दिएका छन् । यस्तै लुम्बिनी प्रदेश सरकारले भूकम्प प्रभावित क्षेत्रका लागि डेढ करोड सहयोग गर्ने भएको छ । शनिबार तुलसीपुरमा बसेको प्रदेश सरकारको बैठकले डेढ करोड सहयोग गर्ने निर्णय गरेको प्रदेशका अर्थमन्त्री धनबहादुर मास्कीले जानकारी दिए । साथै प्रदेश सरकारले गृहमन्त्री सन्तोष पाण्डेको नेतृत्वमा प्रभावित जिल्लामा आवश्यक स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्री पठाउने निर्णयसमेत गरेको छ । कोशी प्रदेश सरकाले पनि भूकम्प पीडितका लागि १ करोड रुपैयाँ र आवश्यक राहत सामग्री उपलब्ध गराउने निर्णय गरेको छ । कोशी प्रदेश मन्त्रिपरिषद्को शनिबार बसेको बैठकले भूकम्प पीडितका लागि १ करोड रुपैयाँ तथा त्रिपाल, कम्बल र मेट्रेस उपलब्ध गराउने निर्णय गरेको हो । बाग्मती प्रदेश सरकारले राहतस्वरूप एक करोड ५० लाख रुपैयाँ सहयोग गर्ने भएको छ । भूकम्प पीडितका लागि राहत, उद्धार, र पुनर्निर्माणका लागि उसले कर्णाली सरकारमार्फत सहयोग गर्ने भएको हो । सुदूरपश्चिम प्रदेश सरकारले पनि एक करोड रुपैयाँ प्रदान गर्ने भएको छ । उद्धार, राहत र पुन:स्थापनाका लागि सुदूरपश्चिम सरकारले उक्त रकम सरकारी कोषमा जम्मा गर्ने भएको हो । गण्डकी प्रदेश सरकारले भूकम्प प्रभावित क्षेत्रमा चिकित्सकसहितको स्वास्थ्यकर्मी टोली पठाएको छ । भूकम्प प्रभावितको उद्धार र उपचारमा सहयोग गर्ने उद्धेश्यल चिकित्सक सहितको टोली शनिबार त्यसतर्फ गएको हो । यस्तै कर्णाली र मधेश प्रदेशले पनि उद्धार र राहतमा सहयोग गर्ने प्रतिवद्धा व्यक्त गरे ।







Bhairab Automobiles Pvt.Ltd.
Butwal, Contact Number :071-437849, 9869427849, 9801726859

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बधाई, क्रिकेट टिमलाई

नेपालले शुक्रबार घरेलु मैदानमा भएको आईसीसी टीट्वेन्टी विश्वकपअन्तर्गत एसिया क्षेत्र छनोट खेलको सेमिफाइनलमा यूएईलाई ८ विकेटले पराजित गरी ट्वान्टी–२० विश्वकपको यात्रा तय गरेको छ । नेपालले १० वर्षपछि २०२४ जुनमा वेस्ट इन्डिज र अमेरिकामा हुने ट्वान्टी–२० विश्वकपमा प्रतिस्पर्धा गर्ने अवसर पाएको हो । यसअघि पहिलो पटक सन् २०१४ मा खेलेको थियो । नेपाली खेलाडीले विजयी प्राप्त गरेसँगै नेपालीमा खुसीयाली छाएको छ । यूएई माथि भएको जित नेपालका लागि ऐतिहासिक सफलता हो । यस कारण पनि नेपालीमा खुसीयाली छाउनु स्वाभाविक नै हो ।

नेपालले यूएईलाई हराएर कीर्तिमान नै बनाउन सफल भयो । हुन त नेपाली खेलाडीका लागि यो दोस्रो ऐतिहासिक सफलता हो । यस अधि चैतमा भएको आईसीसी पुरुष क्रिकेट विश्वकप लिग–२ को अन्तिम खेलमा नेपाली खेलाडीले यस्तै ऐतिहासिक विजयी प्राप्त गरेका थिए । त्यति बेला पनि नेपालले यूएईलाई हराएर कीर्तिमान नै बनाउन सफल भएको थियो । नेपालले उक्त खेल जितेरै विश्वकप क्वालिफायरमा सिधै छानिन पाएको हो । अहिलेको सफलताले झन् विश्व किर्तिमान नै राख्न सफल भयो । विश्वकप खेलेका सोमपाल कामी अहिले टिमका प्रमुख अलराउन्डर हुन् । उनले नै सेमिफाइनलमा यूएईका दुवै ओपनरलाई आउट गरेर नेपालको विजय यात्रा कोरेका थिए । यसले नेपाल र नेपालीको शानलाई थप उचाईमा पुऱ्याइदिएको छ । विश्वकपका लागि तय गरेको यात्रा सामान्य होइन् । यसमा नेपाली सिनियर टिमले यो अवस्थासम्म आइपुग्दा निकै ठूलो मेहनत गरेको छ । विश्व क्रिकेट खेल्न पाउनु सामान्य उपलब्धि मानिन्न । यसले विश्व क्रिकेटको एक उत्कृष्ट टिम हो भन्ने सन्देश समेत विश्वभर प्रवाह गर्ने छ । टिमले जित्दा सरकारले पुरस्कारको व्यवस्था पनि गर्दै आइरहेको छ । तर अब त्यत्तिले मात्र हुँदैन । क्रिकेटमार्फत खेलाडीहरुले नेपाललाई विश्वमा चिनाइरहेका छन् । तसर्थ सरकारले यो खेलमा दीर्घकालीन लगानी गर्न सक्नुपर्छ । भावी दिनमा समेत नेपालको सफलता कायम रहोस् । नेपाली क्रिकेट टिमले सधैँ नै नै बधाई तथा शुभेच्छा पाउन सफल भई रहोस्, सम्पूर्ण नेपाली खेलाडीहरुलाई बधाई र आगामी खेल यात्राको शुभकामना !

## Opinion @ Social Network

एकातिर भुकम्प गयो भनेर लेख्ने,
अर्को तिर बडो आफुलाइ के-के नै सम्झने भुकम्प भनेर नलेखौ भन्दै सम्झाउनेको पोस्ट
(सन्तोष पोखरेलको फेसबुक स्टाटसबाट https://www.facebook.com/santosh.pokharel.12327)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको शिक्षा सुधार्ने घडीको प्रतीक्षा



विद्या भट्टराई

*शिक्षकहरुलाई आन्दोलनको पथ प्रदर्शक तथा प्रशिक्षकका रुपमार विद्यार्थीहरुलाई व्यवस्था विरुद्धका प्रचारकर सत्ता समर्थकका रुपमा व्याख्या गरियो, यसको प्रभाव आज पनि दरिलो छ । सार्वजनिक शिक्षण संस्थाहरुको गुणस्तरीयता निर्माण गर्ने संस्कृति कमजोर हुँदै जाँदा यसप्रतिको भरोसा पनि कमजोर भयो । सार्वजनिक शिक्षाप्रतिको जनविश्वास निष्प्रभावी बन्ने वातावरण सिर्जना भयो । सामुदायिक विद्यालयका शिक्षकहरु विभिन्न नाममा अपमानित हुने गरी न्यून तलबमार असुरक्षित अवस्थामा काम गर्नुपर्ने बाध्यताराज्यले नै सिर्जना गऱ्यो । यति हुँदाहुँदै पनि माध्यमिक तहसम्मको शिक्षा निशुल्क गर्नुपर्छ भन्ने संवैधानिक प्रावधानर यो प्रावधानलाई ऐन मार्फत लागु गर्ने गरी नि:शुल्कर अनिवार्य शिक्षा ऐन, २०७६ समेत बनिसकेको अवस्था छ ।*

शिक्षाको आवश्यकता र अपरिहार्यतामा कुनै विवाद छैन । शिक्षा समाज निर्माणको महत्वपूर्ण सूचक हो भन्ने बुझाइ स्थापित छ । गुणस्तरीय र व्यवहारिक शिक्षाको बारेमा पनि थुप्रै बहस र छलफल हुने गरेका छन् । राजनीतिक दलहरुले तीनवटै तहका सरकारको पहिलो प्राथमिकता शिक्षा हुनुपर्ने धारणासहित निर्वाचनको घोषणापत्र लेख्ने गरेका छन् । त्यस्तै शिक्षामा कुल राष्ट्रिय बजेटको २० प्रतिशत लगानी गर्ने प्रतिवद्धता पनि व्यक्त हुने गरेको छ । प्राविधिक शिक्षा ७० प्रतिशत र साधारण शिक्षा ३० प्रतिशत भयो भने मात्र शिक्षाले सक्षम र सीपयुक्त जनशक्ति निर्माण हुन्छ भन्ने सोच पनि राजनीतिक दल र नीति निर्मातामा देखिन्छ ।

संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हक दिएको छ । त्यस अनुसार छुट्टै ऐन बनाएर कार्यान्वयन पनि गरिएको छ । संविधानले शिक्षालाई मौलिक हकमा राखेकाले शिक्षा र राज्यको बीचमा अन्योन्याश्रित सम्बन्ध निर्माण भएको छ । संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले शिक्षा क्षेत्रलाई कस्तो बनाउने भन्ने विषयमा ठोस खाका बनाउन सकेका छैनन् । सान्दर्भिक शिक्षा ऐन नभएका कारण शिक्षा क्षेत्र अस्तव्यस्त छ भन्ने धारणा सरकार सञ्चालकहरुले नै राखिरहने तर ऐन भने बन्न नसक्ने विडम्बनाको बीचमा छ आजको शिक्षा क्षेत्र । नयाँ पुस्ताको आकर्षण बढ्ने गरी सार्वजनिक शिक्षा प्रणाली निर्माण र सुधार गर्न हामी कहाँ चुक्यौ भन्ने प्रश्नको जवाफ दिन राज्य असक्षम त भएको होइन भन्ने प्रश्न उठेको छ । यस्तो अवस्थामा मौलिक हक कार्यान्वयनको अनिवार्य दायित्वको रुपमा शिक्षालाई राज्यले प्राथमिकता दिन अनिवार्य छ ।

**अस्पष्ट सोच :** शिक्षा समाज विकासको सूचक हो र सामाजिक ऐक्यवद्धता निर्माणको लक्ष्य हो भनेपनि भिन्न २ प्रकारको शिक्षा प्रणालीको लामो अभ्यासले समाजलाई स्तरीकृत गरेको छ । स्तरीकरणका निश्चित विशेषताहरु निर्माण हुँदै जाने क्रममा नै सामाजिक असमानताहरु निर्माण हुन्छन् । शिक्षा असमानता अन्त्य गर्ने एक बहुआयामिक सोच हो भन्ने विश्वव्यापी मान्यता छ । तर यो मान्यतालाई कसरी स्थापित गर्ने भन्ने सवालमा राज्य स्पष्ट हुन सके मात्र शिक्षा प्रणालीले निर्माण गरेको सामाजिक स्तरीकरण र असमानताका सूचक पहिचान गर्न सकिन्छ । नेपालमा बहुदलीय ब्यवस्थाको सुरुवातसँगै शिक्षण संस्थामा निजीकरण सुरु भयो । यो प्रक्रियामा राज्यको एउटा मुख्य अंगको रुपमा निजी क्षेत्रलाई स्वीकार गर्दै शिक्षामा सरकारको लगानी घटाउनुपर्छ भन्ने मान्यता पनि देखियो । शिक्षण संस्थाहरुको सम्पूर्ण भार निजी क्षेत्रमा हस्तान्तरण गर्ने गरी निजी लगानीलाई प्रोत्साहित गर्दै प्रभावकारी शिक्षाको पहिचान नै बोर्डिङ संस्कृति हो भन्ने व्याख्यासमेत व्यापक बन्यो । सार्वजनिक शिक्षा क्षेत्रलाई मूल रुपमा दलीय कार्यकर्ता निर्माणको स्रोत केन्द्रको रुपमा विकास गर्ने अभ्यास सबै राजनीतिक आन्दोलनको एउटा प्रमुख रणनीति बन्यो । शिक्षकहरुलाई आन्दोलनको पथ प्रदर्शक तथा प्रशिक्षकका रुपमा र विद्यार्थीहरुलाई व्यवस्था विरुद्धका प्रचारक र सत्ता समर्थकका रुपमा व्याख्या गरियो, यसको प्रभाव आज पनि दरिलो छ । सार्वजनिक शिक्षण संस्थाहरुको गुणस्तरीयता निर्माण गर्ने संस्कृति कमजोर हुँदै जाँदा यसप्रतिको भरोसा पनि कमजोर भयो । सार्वजनिक शिक्षाप्रतिको जनविश्वास निष्प्रभावी बन्ने वातावरण सिर्जना भयो । सामुदायिक विद्यालयका शिक्षकहरु विभिन्न नाममा अपमानित हुने गरी न्यून तलबमा र असुरक्षित अवस्थामा काम गर्नुपर्ने बाध्यता राज्यले नै सिर्जना गऱ्यो । यति हुँदाहुँदै पनि माध्यमिक तहसम्मको शिक्षा निशुल्क गर्नुपर्छ भन्ने संवैधानिक प्रावधान र यो प्रावधानलाई ऐन मार्फत लागु गर्ने गरी नि:शुल्क र अनिवार्य शिक्षा ऐन, २०७६ समेत बनिसकेको अवस्था छ । शिक्षामा कम्तीमा कुल बजेटको २० प्रतिशत लगानी गर्ने भन्दै सरकारको तर्फबाट प्रतिबद्धता व्यक्त हुने गरेपनि ११.२६ प्रतिशत मात्र विनियोजन भएको छ । संविधान र कानुनको प्रभावकारी कार्यान्वयनको मुख्य जिम्मेवारी सरकारको हो भने संबैधानिक प्रावधान र बनेका कानुनी व्यवस्थाको कार्यान्वयन, अनुगमनको जिम्मेवारी सरकारसँगै व्यवस्थापिकाको पनि हो । शिक्षालाई राज्यको दायित्वको रुपमा संविधानले अंगीकार गरिसकेको अवस्थामा शिक्षा क्षेत्रमा लगानी गरेका निजी कम्पनीलाई राज्यको हिस्सा बनाउने कि नबनाउने भन्ने स्पष्ट धारणा राज्यले दिन नसकेका कारण संस्थागत विद्यालय सञ्चालक अपमानित र लाञ्छित हुनुपरेको छ । संविधानको अनुसूची ८ ले विद्यालय तहको शिक्षाको एकल अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय तहमा प्रदत्त अधिकारको संरक्षणका लागि स्थानीय तहसंग खास छलफल गर्न नसकेका कारण बुझाइमा एकरुपता हुन सकेन र केन्द्रिकृत सोचबाट नै विद्यालय शिक्षा विधेयक निर्माण भइरहेको छ । आजको यथार्थ, भोलिको सान्दर्भिकता र संघीय शासकीय स्वरुपलाई संस्थागत गर्ने गरी शिक्षाको खाका कोर्न व्यापक छलफल, बहस र संवाद निरन्तर आवश्यक छ ।

**कानुन निर्माणको कमजोर अभ्यास :** कुनै पनि कानुन बनाउँदा सरोकारवालाका मागलाई गम्भीरताका साथ लिने, समस्याको पहिचान गर्ने, समस्याले समाजको कुन तहसम्म प्रभाव पार्छ भन्ने विश्लेषण गर्नुपर्नेमा हामी त्यति धेरै गम्भीर बन्न सकेका छैनौं । सञ्चार माध्यममा ब्यक्त हुने सर्वसाधारणका धारणा, प्राज्ञिक र नीतिगत अनुसन्धानमार्फत तयार गरिएका निष्कर्ष र सुझाव, सरोकारवालासंग तहगत छलफल र संवाद जरुरी हुन्छ भन्ने महत्व बोध हाम्रोमा अति कमजोर छ । हामीकहाँ कानुनलाई नागरिक र संस्थागत अभ्यासको पुरानो शैलीलाई तह लगाउन ल्याइने उपकरण हो भन्ने सीमित बुझाइ सरकार तहमा समेत रहेको छ । सामाजिक क्षेत्रसंग सम्बन्धित विषयमा ल्याइने विधेयकहरु सामान्यतया मस्यौदा तयार भएपछि विवादमा पर्ने र संसदमा आउनै नसक्ने, मस्यौदाले अन्तिम रुप पाउनका लागि अर्थ र कानुन मन्त्रालयको राय लिन महिनौं अल्झिनुपर्ने बाध्यता छ । संसदमा बल्ल बल्ल प्रवेश गरेपछि पनि संसदीय समितिमा साझा धारणा बनाउन नसकेका कारण फिर्ता भएका अनुभवहरु छन् । विद्यालय शिक्षा सम्बन्धी कानुनलाई एकीकरण गर्न बनेको विधेयक, २०८० पनि सरोकारवालाहरुको व्यापक बहस, जायज राय र उचित सल्लाहलाई इन्कार गरेर संसदमा पेश गरियो । सरकारले संसदमा पेश गर्नुअघि नै विधेयक मस्यौदाबारे सामाजिक सञ्जालमा पोस्ट भएपछि प्रधानमन्त्री र विभागीय मन्त्रीले नै सो मस्यौदा आधिकारिक नभएको भन्नुपर्ने बाध्यता पऱ्यो । यस प्रकारका व्यवहारले सरकारको नेतृत्व शैलीप्रति आशंका मात्र होइन आम नागरिक र सम्पूर्ण सरोकारवालाहरुलाई अन्योलमा समेत पाऱ्यो । विधेयकको मस्यौदा पेश भएपछि सडक आन्दोलनमा सामुदायिक विद्यालयका शिक्षकहरु आउनुपर्ने परिस्थिति निर्माण भयो । अहिले विधेयकलाई संसदले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पठाएको छ । समितिले सरोकारवालासंग विना पूर्वाग्रह छलफल गर्न अनिवार्य छ । सांसदहरुले स्वतन्त्र ढंगले विधेयक निर्माणमा भूमिका खेल्ने भन्दा पनि सरकारले गरेका सम्झौताको जिम्मेवारी लिनुपर्ने बाध्यताका कारण विधायकको स्वतन्त्र अधिकार माथि थुप्रै प्रश्नहरु आउने गरेका छन् । लोकतन्त्रमा ऐन निर्माण गर्नु भनेको राज्यको नियम मार्फत समाजलाई स्वचालित गर्नु हो भन्ने सोच सरकारले बुझ्नु आवश्यक छ ।

**–अनलाइन खबर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : न्यायिक कार्यमा सफलता मिल्नेछ। शुभकार्यको चर्चा चल्नेछ । | **तुला** : झञ्झटिलो काम आईपर्ला । विश्वासघात होला । |
| **वृष** : शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **वृश्चिक** : कामबाट लाभ मिल्नेछ । शत्रु र विपक्षी पराजित हुन सक्छन् । |
| **मिथुन** : निर्णयमा कमी आउनेछ। अधिकारका लागि संघर्ष गर्नु पर्ला । | **धनु** : आकस्मिक धन लाभ हुनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । |
| **कर्कट** : कृषि कार्यबाट लाभ मिल्नेछ । आफन्त संग भेट घाट हुनेछ । | **मकर** : पद र प्रतिष्ठाको संभावना छ। मन प्रसन्न र खुसीपनि रहनेछ । |
| **सिंह** : नयाँ कार्यको थालनी हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । | **कुम्भ** : परिवारमा सुख सन्तोष छाउनेछ। कला र गलाको प्रभाव बढ्नेछ । |
| **कन्या** : वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ। राज्यबाट मान सम्मान पाइनेछ । | **मीन** : व्यवसायमा लाभ मिल्नेछ । परिवारिक सद्भाव बढ्नेछ । |

# कृषि

## 'गत वर्ष ६ लाख आम्दानी, यसपाली कागती बोटमै'



स्याङ्जामा किसानले उत्पादन गरेको कागतीले यस वर्ष उचित बजार पाउन सकेको छैन । वालिङ नगरपालिका-१४ अमलडाँडाका यामप्रसाद पौडेलले गत वर्ष कागती बिक्री गरेर रु ६ लाख आम्दानी गरेका थियो ।

यसपाली बजार अभावका कारण कागती बोटमै छ । उनले हालसम्म बिक्री गर्न सकेका छैनन् । कागतीले बजार नपाउँदा पौडेल चिन्तित छन् । उत्पादन भएको कागतीले बजार नपाउँदा चिन्तित छन् । 'गत वर्ष कागती बिक्रीबाट राम्रै आम्दानी भएको थियो', उनले भने, 'यस वर्ष सिजन (याम) मै बजार पाउन सकेको छैन, बजार नपाएकै कारण कागती बोटमै छ ।' बजार पाउन सकेमा तत्कालै झण्डै एक टनसम्म कागती बिक्री गर्न सकिने पौडेल बताउँछन् । 'कसैले बजार सुनिश्चित गरे एक टनसम्म कागती बिक्री गर्न सकिन्छ', उनले भने । स्थानीय बजारमा दैनिक १०-१५ किलोमात्रै कागती खपत हुने गरेको उनले बताए । 'दिनभर बजार डुलाउँदा मुश्किलले १०-१५ किलो मात्र बिक्री हुन्छ । बजार नपाउँदा दिक्क लागेको छ', पौडेल भन्छन् । पौडेलले स्याङ्जाका वालिङ, गल्याङ, बयरघारी, पुतलीबजारलगायत बजारका तरकारी पसल र होटलमा कागती बिक्री गर्दै आएका छन् । उनले २०७२ सालमा 'पौडेल कागती फार्म' दर्ता गरी पाँच रोपनीमा एकसय ५० कागतीका बोट लगाएका थिए । 'सुन कागती २' जातको कागतीका बेर्ना ल्याएर लगाउनुभएका पौडेलको अहिले दश रोपनी क्षेत्रफलमा तीन सय कागतीका बोट छन् । आठ वर्ष पहिला विदेशबाट नेपालमा करोडौं रुपैयाँको कागती आयात हुने गरेको सुनेर कागती खेतीमा होमीएको पौडेलको भनाइ छ । 'सुरुका दिनमा पाँच रोपनी क्षेत्रफलमा एक सय पचास कागतीका बिरुवा लगाएँ', उनले भने, 'कागतीको उत्पादन र बजार राम्रो भएपछि पुनः पाँच रोपनी जग्गा किनेर फेरि एकसय ५० बिरुवा थपेँ ।' सुरुमा लगाएका बोटले केही वर्षअघिदेखि उत्पादन दिँदै आएको र पछि लगाएको बोटले आगामी वर्ष फल दिने उनले बताए । विगत वर्षमा कागतीलाई ग्रेडिङ गरी प्रतिकिलो रु एक सय ३० देखि रु दुई सयसम्म बिक्री गर्ने गरिएको थियो । कागतीले बजार पाए यस वर्ष रु १२ लाखसम्म आम्दानी गर्न सकिने पौडेलको विश्वास छ । अन्य बाली लगाउँदा बाँदरको समस्या हुने गरेकाले व्यावसायिकरुपमा कागती खेती गरेको उनी बताउछन्। कागती भण्डारण गर्न शीतभण्डार नहुँदा पनि पौडेललाई समस्या भएको छ । 'भण्डारण गर्न पाए पछि उचित मूल्य पाइन्थ्यो कि भन्ने लागेको छ', उनले भने ।

-रासस

## किसानलाई अनुदानमा आलुको बीउ वितरण




व्यावसायिक तरकारी खेतीमा संलग्न किसानलाई शुक्लाफाँटा नगरपालिकाले ५० प्रतिशत अनुदानमा उन्नतजातको आलुको बीउ वितरण गरेको छ । आलुखेतीलाई प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाको कृषि विकास शाखाले एक सय २० किसानलाई एक सय क्विन्टल आलुको बीउ वितरण गरेको हो ।

वडा कार्यालयले तीन वर्षदेखि निरन्तररूपमा व्यावसायिक तरकारी खेतीमा संलग्न किसानको नाम छनोट गरी पठाएपछि सोही आधारमा आलुको बीउ वितरण गरिएको कृषि विकास शाखका प्रमुख करनसिंह बुढा ऐरले बताए । 'छनोटमा परेका नगरपालिकाको १२ वटै वडाका आठ किसानलाई एक क्विनटलका दरले आलुको बीउ वितरण गरेका छौँ', उनले भने,'वडाका दुई जना किसानलाई आलुको मूल बीउ एक सय ५० दानाका दरले वितरण गरिएको छ ।' शिलबन्दी दरभाउ पत्रअनुसार खरिदकर्ताको छनोट गरी आलुको बीउ खरिद गरी किसानलाई वितरण गरिएको शाखा प्रमुख बुढाऐरको भनाइ छ ।

किसानलाई कार्डिनल, डिजिरे, जनकदेव, एमएस, खुमलटार रातो आलुको बीउ वितरण गरिएको छ । आलुको बीउ खरिदका लागि रु तीन लाख ६१ हजार रकम खर्च गरिएको छ । नगरपालिकाको वडा नं ३ को पिपलाडी, जोनापुर, वडा नं २ को लक्ष्मीपुर, वडा नं ४ को असैना, वडा नं ६ को कसरौल, वडा नं ८ को बेलडाँडी, वडा नं ९ को नौखरी, वडा नं ११ को कलुवापुर र वडा नं १२ को कालागौंडी क्षेत्रका किसानले व्यावसायिकरूपमा आलुखेती गर्दै आएका छन् । सबैभन्दा बढी बेलडाँडी, जोनापुर, पिपलाडी क्षेत्रका किसानले आलुखेतीलाई व्यावसायिकरूपमा गर्दै आएका छन् ।

कृषि विकास शाखाका अनुसार नगरपालिका क्षेत्रमा दुई सय हेक्टर क्षेत्रफलमा उन्नतजातको आलुखेती हुने गरेको छ । जसको उत्पादन प्रतिहेक्टर ११ मेट्रिक टन रहेको छ । उन्नत जातको आलुखेतीसँगै नगरपालिकामा एक सय हेक्टर क्षेत्रफलमा स्थानीय जातको आलुखेतीलाई किसानले निरन्तररूपमा अगाडि बढाउँदै अएका छन् । जसको उत्पादन छ दशमलव ५० मेट्रिक टन हुने गरेको छ । आलुखेतीलाई विगत एक दशकदेखि निरन्तररूपमा व्यावसायिकरूपमा गर्दै आएका नगरपालिकका वडा नं ३ का किसान चेतराज चौधरीले नगरपालिकाले अनुदानमा आलुको बीउ वितरण गरेर किसानको हौसला बढाएको बताए । कृषि ज्ञान केन्द्रले पनि प्रत्येक वर्ष नगरपालिका क्षेत्रमा स्थानीय जातको आलुखेती गर्ने किसानलाई अनुदानमा आलुको बीउ र प्रविधिमा सहयोग पुर्याउँदै आएको छ । जिल्लामा सबैभन्दा बढी आलु उत्पादन हुने क्षेत्रका रूपमा शुक्लाफाँटा नगरपालिका परिचित रहेको छ ।-रासस

## कृषि कार्यबाट परिवारलाई वर्षदिन खाना पुग्छ ?



नेपालमा आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले ४५ प्रतिशत परिवारलाई मात्रै वर्षदिन खाना पुगेको पाइएको छ ।

राष्ट्रिय कृषिगणना २०७८ अनुसार ४१ लाख ३० हजार ७ सय ८९ कृषिकर्म गर्ने परिवारमध्ये १८ लाख ५६ हजार ८००८ परिवारलाई मात्रै खाना पुग्छ, जुन ४५ प्रतिशत परिवार सङ्ख्या हो । यस अघिको कृषि कृषिगणनाले ४० दशमलव १ प्रतिशत परिवारलाई वर्षदिन खाना पुगेको थियो । कृषिगणना अनुसार १ महिनादेखि ३ महिनामात्रै खाना पुग्ने परिवार सङ्ख्या २३ दशमलव ९ प्रतिशत छ । ४ महिनादेखि ६ महिनासम्म खाना पुग्ने परिवार सङ्ख्या ४६ दशमलव ८ प्रतिशत छ । यस्तै, ७ महिनादेखि ९ महिनासम्म खाना पुग्ने २० दशमलव ४ प्रतिशत छ ।

१० देखि १२ महिनासम्म खाना पुग्ने परिवार सङ्ख्या ८ दशमलव ८ प्रतिशत छ । उता, खाना नपुग्ने परिवारको आम्दानीको स्रोत आफ्नो जिल्लाभित्रै ज्यालामा काम गरी परिवार पाल्ने १० दशमलव १ प्रतिशत छन् । यस्तै, जिल्ला बाहिर तर देशभित्रै ज्याला मजदुरीको काम गर्ने परिवार सङ्ख्या ६१ दशमलव ७ प्रतिशत छ । देशबाहिर काम गर्ने परिवार सङ्ख्या १७ दशमलव ८ प्रतिशत छ । त्यसैगरी, पेन्सनबाट ३ प्रतिशत परिवार पालिन्छन् । ऋण लिएर परिवार पाल्ने ५ दशमलव ५ प्रतिशत र अन्य कार्य गरी २ प्रतिशत परिवारको आम्दानी हुने कृषिगणनामा उल्लेख छ ।

**-रातोपाटी डटकम**

## किवी खेतीबाट १५ लाख जोगाए इन्द्रबहादुरले

रोल्पाको जिनवाङका ६० वर्षीय इन्द्रबहादुर खत्री भर्भराउँदो उमेरमा रोजगारीका लागि भारत गएका थिए । हिमाञ्चल प्रदेशस्थित कृषि विश्वविद्यालयको फार्ममा काम गरे । त्यहीं हो इन्द्रबहादुरले पहिलो पटक किवीको व्यावसायिक खेती देखेको । उनले आफ्नो गाउँठाउँमा यसै गरी किवीको खेती गर्न पाए हुन्थ्यो भन्ने सोचे । आजभोलि भन्दाभन्दै उनले त्यहाँ आठ वर्ष काम गरे ।

हिमाञ्चल प्रदेश र उनको गाउँ जिनावाङको वातावरण लगभग मिल्दोजुल्दो थियो । हिमाञ्चलको किवी रोल्पामा पनि गज्जब फल्छ भन्ने विश्वास थियो। इन्द्रबहादुर कृषि फार्ममा काम गर्ने साधरण कामदार थिए तर उनले इमानदारी र मिहिनेतका कारण विश्वविद्यालयका कर्मचारी र विज्ञको मन जितेका थिए। यसै कारणले त्यहाँका कृषिविज्ञ डा. कृष्णकुमारले इन्द्रबहादुरलाई भान्से बनाए । दुई जनाबीचको सम्बन्ध गढा हुँदै गयो । एक दिन इन्द्रबहादुरले किवी खेतीबारे कृष्णकुमारलाई आफ्नो मनको कुरा सुनाए । उनी रोमाञ्चित भए अनि रोल्पा जाने इच्छा प्रकट गरे । त्यो समय जिनावाङ आउजाउ गर्न मोटर बाटो थिएन । भारतबाट विज्ञसहितको टोली रोल्पा आउजाउ गर्न निकै ठूलो खर्च लाग्थ्यो । कृष्णकुमारले सोधे- यहाँबाट तिम्रो गाउँसम्म आउजाउ गर्ने खर्च जुटाउन सक्छौ ? इन्द्रबहादुर त्यसरी खर्च गर्न सक्दैथे । कृष्णकुमारले जुक्ति फुराए, कृषि क्षेत्रमा काम गगर्ने संस्था खोजे । जिनावाङकै पूर्वशिक्षक टीका प्रधानले प्रस्ताव तयार गरेर संस्थामा पुऱ्याउन सहयोग गरे । एउटा संस्थाले एक लाख रुपैयाँ सहयोग गऱ्यो । त्यही खर्चले इन्द्रबहादुर र कृष्णकुमारसहितको एक टोली जिनावाङ पुगेर अनुसन्धान गऱ्यो । जिनावाङमा किवी खेतीका लागि उच्च सम्भावना देखियो । इन्द्रबहादुर खुसी भए । यसरी ३२ वर्षअघि २०४८ सालमा इन्द्रबहादुरले हिमाञ्चलबाट किवीका बिरुवा जिनावाङ पुऱ्याए । उनले विज्ञको सल्लाहअनुसार मिहिनेत गरे । फल लाग्न थाल्यो। कमाइ हुन थाल्यो । त्यही समय तत्कालीन नेकपा माओवादी र सरकारबीच सशस्त्र द्वन्द्व सुरु भयो । इन्द्रबहादुर नेपाली कांग्रेसमा अस्था राख्थे । उनीमाथि दिनप्रतिदिन सुरक्षा चुनौती बढ्यो । एक दिन उनलाई ज्यानकै धम्की आयो । श्रीमती ओकी खत्रीले घर छाड्न सल्लाह दिइन् । इन्द्रबहादुर दाङको तुलसीपुर पुगे । २०७४ सालको स्थानीय तह निर्वाचनमा गंगादेव गाउँपालिका-३ को वडाध्यक्ष पदमा उम्मेदवार थिए। गाउँबाट विस्थापित हुनुपरेपछि इन्द्रको किवी खेती भताभुंग भयो । शान्ति प्रक्रिया सुरु भएपछि २०६३ सालमा उनी गाउँ फर्केर फेरि किवी खेती जगाउन थाले । अहिले उनको बारीमा किवीका केही हजार बोट छन् । यस वर्ष पहिरोले झन्डै एक हजार नष्ट गरिदियो । उनको किवी खेती तीन ठाउँमा छ । घरबारीमा आठ सय बोट छन् । अलिक माथि अर्को ठाउँमा दुई सय बोट र त्रिवेणी गाउँपालिको एक ठाउँमा दुई हजार बोट छन् । सबै बोटमा लटरम्म फल लागेको छ । उनका अनुसार काठमाडौं, धनगढी, नेपालगञ्ज, विराटनगरसम्मका व्यापारी किवी किन्न उनको बारीमै आउँछन् । उनको खेतीमा किवी टिप्ने समय हुनै लागेको छ । राम्ररी छिप्पिएपछि मात्रै टिप्छन् । 'व्यापारीहरू त कलिलैमा पनि किन्न खोज्छन् तर म छिप्पिएपछि मात्रै टिप्छु । बोट ठेक्काम दिने गरेको छैन । आफैं टिपेर बेच्छु,' उनले भने । उनले एउटा सानो कोल्डस्टोर (शीतभण्डार) पनि बनाएका छन् । मंसिरमा टिपेको किवी भण्डारण गरेर जेठसम्म बेच्छन् । 'अरूले आजभोलि केजीको एक-डेढ सयमा बेच्छन् । म अहिले टिप्दिनँ । मंसिरमा टिप्छु र कोल्ड स्टोरमा राखेर जेठसम्म केजीको दुई सयदेखि साढे दुई सयसम्ममा बेच्छु,' इन्द्रबहादुर भन्छन्, 'मेरो जम्मै किवी दाङमै खपत हुन्छ । व्यापारीहरू घरमै आएर उठाएर लैजान्छन् ।' व्यापारीहरूले दसैं-तिहारका लागि २० क्विन्टल किवी मागेका थिए । कलिलै छ भनेर उनले दिएनन् । 'समय नपुग्दै टिपेको फलमा गुणस्तर हुँदैन,' उनी भन्छन्, 'फाइदा मात्रै हेरेर हुँदैन । असल किसानले उपभोक्तालाई असल वस्तु दिनु पर्छ ।' उनले किवीसँगै ओखर, कागती, हलुवाबेद र टिमुर पनि लगाएका छन् । इन्द्रबहादुर लुम्बिनी प्रदेशकै सबैभन्दा ठूला व्यावसायिक किवी कृषक हुन् । कुल १०५ रोपनीमा खेती छ । उनको परिवारको मुख्य पेशा नै किवी खेती हो । उनले गत वर्ष १२० क्विन्टल किवी बेचेर कम्तीमा १५ लाख रुपैयाँ बचत गरे । खेतीमा परिवारका सबै सदस्य तल्लीन छन् । हेरचार, गोडमेल, फलको सुरक्षा, भण्डारण लगायतमा ज्यालामा कामदार लगाउँछन् । उनले किवी र ओखरको नर्सरी पनि बनाएका छन् । उनका अनुसार नर्सरीमा हाल १५ हजार बिरुवा छन् । बिरुवा प्रतिगोटा १०५ रूपैयाँमा बेच्छन् । ओखरका चार हजार बिरुवा छन् । इन्द्रबहादुरकै कारण रोल्पामा किवी खेती विस्तार हुने क्रममा छ । रुन्टीगडी गाउँपालिकाले पाँच सय वटा बिरुवा लग्यो । अन्य जिल्लाका कृषकहरू पनि उनको नर्सरीमा बिरुवा किन्न आउँछन् । भन्छन्, 'अर्घाखाँची र गुल्मीका सबै किसान मेरै नर्सरीमा आउँछन् । अरू जिल्लाका पनि आउँछन्।' कामले काम सिकाउँछ भनेझैं हाल इन्द्रबहादुर किवी खेतीका विज्ञका रूपमा चिनिएका छन् । उनलाई कृषकहरूले बोलाउँछन् । जिल्लाका कृषि कार्यालयहरूले प्रशिक्षकका रूपमा निम्ता गर्छन् । सल्यान कृषि विकास कार्यालयले त उनैलाई प्रशिक्षक तोकेको छ । सल्यानको बागचौर नगरपालिका र क्षेत्रश्वरी गाउँपालिकामा इन्द्रकै रेखदेखमा किवी खेती सुरू भएको छ । उनी किसानलाई किवी खेतीको तालिम दिन्छन् । उनका जेठा छोरा बालराम हाल बेलायतमा कृषिको तालिममा छन् । उनी स्ट्रबेरी खेती सिक्दै छन् । कान्छा छोरा डिल्लीले स्नातक तहको पढाइ पूरा गरेका छन् र हाल किवी खेतीमै व्यस्त छन् । जिनवाङ विकट पहाडी भूभाग हो । यहाँ किवी खेती गर्न इन्द्रबहादुरले चानचुने मिहिनेत गरेका छैनन् । किवीको बोटलाई सहारा दिन सिमेन्टका खम्बा बनाएका छन्। लहरा बिस्तारका लागि तारको पातलो जाली बनाएर सहारा दिएका छन्। 'आम्दानी लिन खर्च पनि हुन्छ, मिहिनेत पनि गर्नुपर्छ । मिहिनेतलाई दुःख ठान्यो भने खेती हुँदैन। हरेक वर्ष मेरो आम्दानी बढ्दै छ,' उनले भने, रोल्पामा इन्द्रबहादुर अनुकरणीय कृषक भएका छन् ।

हावापानी र माटो चिनेर मिहिनेत गर्न सक्दा आम्दानी लागि विदेशी भूमिममा वर्षौं पसिना बगाउनु पर्दैन भन्ने उदाहरण भएका छन् । उनका अनुसार सामान्यतया किवी जातअनुसार समुद्री सतहबाट आठ सय मिटरदेखि २४ सय मिटरको उचाइसम्म फल्छ । उनको ठाउँ एक हजार ८९० मिटर हारहारी उचाइमा छ । यस्तो ठाउँ किवीको लागि उपयुक्त मानिन्छ । उनका अनुसार यो उचाइमा एलिसिना र हेवार्ड जातको किवी राम्रो हुन्छ । आठ सयदेखि एक हजार मिटको उचाइमा रेड प्रजातिको किवी राम्ररी फल्छ । सामान्यतया एक बोटमा कम्तीमा सय केजीसम्म किवी फल्छ । वर्षमा एक पटक गोडमेल गर्नुपर्छ, एक पटक मल दिनुपर्छ । आफैँले बनाएको कम्पोस्ट मल उपयुक्त हुन्छ । 'किवी स्वास्थ्यको लागि निकै हितकर फल हो। यसको जुस, जाम, वाइन, अचार बनाउन सकिन्छ । चाना सुकाएर पनि उपयोग गर्न सकिन्छ,' इन्द्रबहादुर भन्छन्, 'हावापानी उपयुक्त भएर पनि खेर गएका सबै ठाउँमा किवी खती गरेर आम्दानी लिन सकिन्छन् ।' उनी किवीको वाइन बनाउन चाहन्छन् तर यसका लागि उनीसँग लगानी गर्ने पैसा छैन । उनले विनोद चौधरी लगायत केही उद्योगीलाई भेटर कुरा गरेको उनले बताए । भन्छन्, 'किवीको वाइन बनाउने उद्योग हुने हो भने नेपाली किसानले उत्पादन गरेको किवी नै पर्याप्त हुन्छ ।' इन्द्रबहादुरको किवी खेतीसम्म जान सडकको राम्रो सुविधा छैन । ट्याक्टर चल्छ । अरू गाडी पुग्न सकस छ । जिनावाङसहित लुम्बिनीका पहाडी जिल्लाको कृषिका बारेका जिज्ञासा राख्दा मुख्यमन्त्री डिल्लीबहादुरले रोल्पालाई लुम्बिनीको कृषि हबका रूपमा विकास गर्ने लक्ष्य राखेको बताए । 'कृषि उत्पादनलाई ध्यानमा राखेर बाटो पुऱ्याउँछौं,' मुख्यमन्त्री चौधरी भन्छन्, 'किसानमा उत्साह थप्ने र रोजगारी सिर्जना गर्ने हाम्रो लक्ष्य छ ।' प्रदेशका कृषि तथा भूमि व्यवस्थामन्त्री भण्डारीलाल अहिर जिनावाङको मोडेल हेरेर प्रदेशको कृषि नीति बनाउनुपर्ने आफ्नो धारणा रहेको बताउँछन् । उनले रोल्पाको जिनावाङलाई आलु, स्याउ, किवी र पशुपालनका लागि पकेट क्षेत्र बनाउने सोच रहेको बताए ।**-सेतोपाटी डटकम**

# रामपुरका विद्यालयमा 'बुक फ्रि डे फ्राइडे'



**पाल्पा,** कार्तिक १८/पाल्लाको रामपुर नगरपालिका भित्रका विद्यालयमा 'बुक फ्रि डे फ्राइडे' कार्यक्रम सञ्चालन भइरहेको छ । रामपुर नगरपालिकाले यही शैक्षिक सत्रदेखि शुक्रबार 'बुक फ्रि डे' कार्यक्रम सञ्चालनमा ल्याएको हो ।

विद्यालयमा हरेक शुक्रबार विद्यार्थीहरुलाई व्यवहारिक सिप सिकाइदै आइएको छ । उक्त कार्यक्रम सञ्चालन भएपछि विद्यार्थीहरु सीप सिक्न उत्साहित हुने गरेका छन् । विद्यालयहरुमा सञ्चालित कार्यक्रमको नगर प्रमुख सहितको एक टोलीले अनुगमन समेत गरेको छ । टोलीले कार्यक्रम प्रभावकारी भए नभएको अनुगमन गरेको हो । कालिका माध्यमिक विद्यालय रामपुर ४ देविस्थान , रामपुर आधारभूत विद्यालय रामपुर ५ कान्जीहाउस र नवदुर्गा माध्यमिक विद्यालय रामपुर ६ तिलकपुरमा सञ्चालित बुक फ्रि फ्राई डे कार्यक्रमको अनुगमन गरिएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । कार्यक्रमको अनुगमन गर्दै नगर प्रमुख रमण बहादुर थापाले विद्यार्थीहरुलाई संस्कार सहितको व्यवहारिक ज्ञान प्रदान गर्नका लागि बुक फ्रि फ्राई डे कार्यक्रम सञ्चालन गरिएको बताए । साथै विद्यार्थीहरुको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गराई सोही कला र क्षमताको विकास गर्न यो कार्यक्रमको अवधारणा ल्याईएको उनले बताए । नगर प्रमुख थापाले विद्यार्थीहरुको आवश्यकता र चहानालाई समेटेर हरेक विद्यालयले यो कार्यक्रम सञ्चालन गर्न आग्रह समेत गरे । विद्यालयमा दिईने सैद्धान्तिक ज्ञान व्यवहारिक नहुने र असल व्यक्ति नहुने भन्दै व्यवहारिक ज्ञानले मात्र असल व्यक्ति बनाउने उल्लेख गरे । किताबी ज्ञानले मात्र सबै शिक्षा पुरा नहुने भन्दै बुक फ्रि फ्राई डे कार्यक्रमले व्यवहारिक र जीवन उपयोगी सिप सिकाउने उनले बताए । नगर प्रवक्ता एवं वडा नं. १ का वडा अध्यक्ष कपिल बहादुर खाँणले कक्षामा दिईने शिक्षाले केही हद सम्मको शिक्षा प्रदान गरे पनि व्यवहारिक शिक्षा प्राप्त नहुने बताए ।

नगर क्षेत्रको शिक्षालाई व्यवहारिक र प्रभावकारी बनाउनका लागि नगरपालिकाले बुक फ्रि फ्राई डे कार्यक्रम सञ्चालन गरेको बताए । शिक्षा शाखा प्रमुख विकल कूलेले नगरले लिएको शिक्षा नीति अन्तर्गत सबै विद्यालयले यो कार्यक्रमलाई निरन्तरता दिदाँ विद्यार्थीहरुको व्यवहारमा समेत परिवर्तन आएको बताए । वार्षिक कार्यतालिका बनाएर विद्यार्थीहरुलाई विभिन्न व्यवहारिक सिप सिकाउँदै आइएको नवदुर्गा माध्यमिक विद्यालयका प्रधानाध्यापक भानुभक्त न्यौपानेले बताए । विद्यार्थीहरुमा रहेको प्रतिभाको पहिचान र विद्यार्थीको क्षमतालाई वृद्धि गरि विद्यार्थीहरुको भविष्य निर्माणमा सहज हुने विश्वास लिएको कालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक मनीराज अधिकारीले बताए । विद्यार्थीहरुलाई हस्तकलाका सामग्री निर्माण , रहन सहन , कला संस्कृति सम्बन्धी सिकाईसँगै विद्यार्थीहरुको दिगो सिकाईका निम्ती सहयोग पुऱ्याएको रामपुर आधारभुत विद्यायका प्रधानाध्यापक विजय शर्माले बताए । कार्यक्रम अन्तर्गत यी विद्यालयहरुमा शुक्रबार विद्यार्थीहरुलाई फुलको माला बनाउन सिकाईएको थियो । हाम्रो नर्सरी फम रामपुरका सञ्चालक दिल बहादुर थापाले फुलको माला गाँस्न सिकाउने गरेका छन् ।

# प्रदेशस्तरीय तेक्वान्दोमा विरेन्द्र र सविना प्रथम

**कृष्ण पोखरेल**



**तानसेन,** कार्तिक १८/पाल्पाको तानसेनमा आयोजित रिता अनिल स्मृती दोस्रो प्रोफेस्नल लुम्बिनी प्रदेशस्तरीय आइटिएफ तेक्वान्दो प्रतियोगितामा विरेन्द्र बुढा र सविना श्रेष्ठ प्रथम भएका छन् । तानसेनको टुँडिखेलमा दुई दिनसम्म चलेको प्रतियोगितामा पुरुष तर्फ पाल्पाका बुढा र महिलातर्फ गुल्मीकी सविना श्रेष्ठ प्रथम भएका हुन् ।

उनीहरुले तीस/तीस हजार, गोल्ड मेडल र प्रमाण पत्र पाएका छन् । यसै गरी प्रतियोगितामा पुरुषतर्फ रोल्पाका तिलक बुढामगर र महिलातर्फ बसन्ती विश्वकर्मा नवलपरासी द्बितिय भएका भएका छन् । विजेता दुवैले बीस -बीस हजार, प्रमाणपत्र र रजत पदक हात पारेका छन् । यस्तै पुरुषतर्फ पाल्पाका उज्जवल गहतराज र महिलातर्फ ललिता बुढाथोकी बर्दिया तृतिय भएका छन् । दुबैले दश/दश हजार, प्रमाणपत्र र कास्य पदक पाएका छन् । विजेताहरुलाई लुम्बिनी प्रदेश सदस्य खेम बहादुर सारु, लुम्बिनी प्रदेश खेलकुद विकास समितिका सदस्य सचिव जयप्रकास भट्टराई, प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोला, नेपाल आइटिएफ तेक्वान्दो महासंघका केन्द्रिय उपाध्यक्ष निर बहादुर सारु, नेपाल आइटिएफ तेक्वान्दो महासंघ लुम्बिनी प्रदेशका सचिव विक्रम पाटामागर, पुर्व राष्ट्रिय खेलाडी आयुसा कार्की, नेपाल खेलकुद पत्रकार मञ्च पाल्पाका अध्यक्ष माधव अर्याल लगायतले पुरस्कार, प्रमाण तथा मेडलहरु वितरण गरेका थिए । प्रतियोगितामा १२ जिल्ला र आयोजक टोली गरी ६४ जना खेलाडीहरुले भाग लिएका थिए । प्रतियोगिता महिला तर्फ ४६ केजी देखी ५२ केजी सम्म र पुरुषमा ४९ केजी देखी ५५ केजीको एकल स्पारिङ्गमा प्रतिष्प्रर्धा भएको थियो । नेपाल आइटिएफ तेक्वान्दो महासंघ पाल्पाका अध्यक्ष निर बहादुर सारुको अध्यक्षता, सचिव नगेन्द्र मल्लको सञ्चालनमा कार्यक्रम भएको थियो ।


मनको आवाज.............


'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


अर्थ/वाणिज्य समाचार

# काँग्रेसद्वारा भूकम्प प्रभावितलाई ५० लाख सहयोग



**पाल्पा,** कार्तिक १८/नेपाली काँग्रेसले जाजरकोट भूकम्प प्रभावितको उद्धार, राहत र पुनर्स्थापनाका लागि पार्टीका तर्फबाट सरकारलाई ५० लाख उपलब्ध गराउने निर्णय गरेको छ । काँग्रेसले एक विज्ञप्ती जारी गर्दै भूकम्प प्रभावितका लागि ५० लाख आर्थिक सयोग गर्ने निर्णय गरेको जनाएको हो ।

उसले मानवीय क्षति, भौतिक क्षति र सयौँ घाइते भएको घटनाले समस्त नेपालीलाई मर्माहत र दुःखी बनाएको भन्दै यस्तो समयमा सरकार, राजनैतिक दलहरु, संघ-संस्था सबै एक भएर यो विपत्तिको सामना गर्न अपिल समेत गरेको छ । उसले स्वदेश र विदेशमा रहेका सबैलाई तन, मन र धनका साथ खुला फदयले मानवीय सेवाको अभियानमा जुट्न सबैमा अपिल गरेको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तीमा उल्लेख छ । शुक्रबार राति ११:४७ मा गएको ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पका कारण जाजरकोट र रुकुम (पशिचम) लगायतका क्षेत्रमा ठूलो संख्यामा मानवीय क्षति, भौतिक क्षति र सयौँ घाइते भएका छन् ।

# पाल्पा रारा सहकारीको २३ औं साधारण सभा



**पाल्पा,** कार्तिक १८/तानसेनमा रहेको पाल्पा रारा बचत तथा ऋण सहकारी संस्थाले २३ औं साधारण सभा गरेको छ । सहकारीले शनिबार तानसेनमा एक औपचारिक कार्यक्रमको आयोजना गरी साधारण सभा गरेको हो ।

सभाको जिल्ला बचत तथा ऋण सहकारी संस्था पाल्पाका अध्यक्ष जगदीश भट्टराईले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका भट्टराइले सामुहिक भावनाबाट मात्र सहकारी अगाडि बढ्ने बताए । उनले समुदायमा आधारित रहेका सहकारीहरुले शेयर सदस्यहरुलाई उचित तालिमको व्यवस्था गरी आर्थिक रुपमा सक्षम र बलियो बनाउने उद्देश्य राखेको धारणा व्यक्त गरे । नेपाली काँग्रेस गुल्मीका जिल्ला सचिव समेत रहेका भट्टराईले सहकारीले नाफा कति भयो भन्दा पनि संस्थाले आृना सदस्यहरुलाई सेवा सुविधा कस्तो ढंगले प्रवाह गरेको छ भन्ने कुरामा ध्यान दिनुपर्नेमा जोड दिए । सहकारी सञ्चालक सदस्य सञ्जय प्रदान, शेयर सदस्य गोमा गैरेले जिल्लामा रारा सहकारी अब्बल बन्दै गएकोमा खुसी व्यक्त गरे । सभामा सहकारीको वार्षिक प्रगति विवरण सार्वजनिक गर्दै सहकारीका अध्यक्ष भीमसेन कार्कीले न्यून आय भएका विपन्न, पीछडिएका वर्गहरुको जीवनस्तर उकास्न सहकारीले उल्लेखीय काम गरेको बताए । उनले बचतको माध्यमबाट उद्यमशील महिलाहरुलाई समूह बनाई विना धितो लगानी गर्दै आएको समेत बताए ।

सहकारीले गत आर्थिक वर्ष १५ करोड ४८ लाख १८ हजार ४ सय ५० निक्षेप संकलन गरेको छ । उसले ७२ लाख १२ हजार ६ सय ८४ खुद नाफा गरेको छ । संस्थाले निक्षेपतर्फ दैनिक बचत सञ्चालन, लगानीतर्फ व्यापार, कुटिर उद्योग, घरायसी प्रयोजन, कृषि, हायर पर्चेज, पाल्पा रारा गृहणी बचत तथा युवा उद्यमी ऋण जस्ता क्षेत्रमा लगानी गर्दै आएको सहकारीका अध्यक्ष कार्कीले बताए । सहकारीमा २ हजार ५ सय १५ जना शेयर सदस्य रहेका छन् । जसमा १ हजार ७ सय ५६ जना महिला र ७ सय ५९ जना पुरुष रहेका छन् । कार्यक्रममा सहकारीका लेखा समितिका संयोजक माधव अर्यालले लेखासमितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष भीमसेन कार्कीको अध्यक्षता, कोषाध्यक्ष अरुण कुमार श्रेष्ठको स्वागत, सचिव अजयमान कर्मचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# मणिमुकुन्द सहकारीको अधिवेशन, अध्यक्षमा सैंजु




**पाल्पा,** कार्तिक १८/तानसेनमा रहेको मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्थाको २२ औं साधारण सभा तथा ८ औं अधिवेशन भएको छ । सहकारीको शनिबार तानसेनमा साधारण सभा तथा अधिवेशन भएको हो ।

अधिवेशनले मधु दयाल सैंजुलाई अध्यक्षतामा चयन गरेको छ । सैंजु यस अघि संस्थाका पूर्व अध्यक्ष समेत हुन् । अधिवेशनले उपाध्यक्षमा सुशिलप्रसाद प्रधान, सचिवमा संजयराज शाक्य, कोषाध्यक्षमा ज्ञानु कार्कीलाई चयन गरेको छ । यस्तै सदस्यहरुमा विमलप्रसाद श्रेष्ठ, अजयबहादुर श्रेष्ठ, इन्द्र लक्ष्मी सैंजु अमात्य, दामोदर गैरे, अञ्जु शाक्य रहेका छन् । अधिवेशनले लेखा समिति संयोजकमा सगुन प्रसाद श्रेष्ठ, सदस्यहरुमा श्रीधर खनाल, रुपेश राज शाक्यलाई समेत चयन गरेको छ । अधिवेशन उद्घाटन सत्रमा जिल्ला सहकारी संघ पाल्पाका अध्यक्ष भूपति पाण्डेले सहकारीको सफलताको शुभकामना व्यक्त गर्दै सहकारीको सिद्धान्त र मर्मलाई आत्मसाथ गरेर अगाडि बढ्न सके संस्था बलियो बनेर जाने बताए ।

पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द भट्टराईले आर्थिक विकासमा सहकारीको भूमिका महत्वपूर्ण रहेको बताए । सहकारीका अध्यक्ष सुरेन्द्र मुनि शाक्यले संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै समृद्धिको दिशामा आफुहरु अगाडि बढेको बताए । उनले भने,'सहकारीको माध्यमबाट सदस्यहरु बिच आत्मीयता, सद्भाव, र एक आपसमा मैत्री भावको विकास गर्दै सदस्यहरुको आर्थिक उन्नति र व्यवसायिक बनाउने दिशामा हामीहरु अग्रसर रहेका छौं ।' कार्यक्रममा कोषाध्यक्ष अजयबहादुर श्रेष्ठले संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रम संस्थाका अध्यक्ष सुरेन्द्र मुनि शाक्यको अध्यक्षता,उपाध्यक्ष सुशिल प्रसाद प्रधानको स्वागत, सचिव संजय राज शाक्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई